दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३०७ | बुटवल | २०८१ कार्तिक २९, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Nov.14, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# ‘१५ दिनभित्र विद्युत् बक्यौता नतिरे उद्योगमा लाइन काटिन्छ’

ऐन, कानुनमा रहेर आफूले काम गरेको दाबी गर्दै कुलमानले उद्योगीले उपभोग गरेको बिजुलीको रकम कानुनअनुसार कुनै पनि हालतमा उठाएरै छाड्ने अडान लिएका छन् ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उद्योगीहरूले १५ दिनभित्र बक्यौता नतिरे पुनः आफ्नो प्रक्रियामा लाग्ने चेतावनी दिएका छन् ।

बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै घिसिङले १५ दिनभित्र नतिरे आफ्नो प्रक्रियामा फेरि पनि लाग्ने बताए । ‘सरकारले नै १५ दिनमा उठाउन भनेको छ । यो सरकार, ऊर्जा मन्त्रालय सबैको एकमुष्ट दायित्वमा आएको छ ।’ घिसिङले भने ।

त्यतिबेलासम्म पनि बक्यौता नउठे सरकार र ऊर्जा मन्त्रालयले जिम्मेवारीपूर्वक उठाउनेतिर अघि बढ्ने विश्वास लिएको उनको भनाइ छ ।

‘उठेन भने सरकारले र मन्त्रालयले पनि जिम्मेवारीपूर्वक बक्यौता उठाउनेतिर अघि बढ्ने विश्वास छ । प्राधिकरण आफ्नो नियमकानुनमा अघि बढ्छ,’ घिसिङले भने-‘यसअघि पनि प्रधानमन्त्री र नियमन आयोगको लिखित निर्देशनअनुसार ३ महिना समय दिएका थियौं । अहिले १५ दिनको समयलाई शिरोधार्य गरी अघि बढेका छौं ।’

उनले त्यतिबेलासम्म पनि बक्यौता नउठ्ने हो भने योसरकारको ठूलो विषय बन्ने बताए ।

‘१५ दिनमा पनि नबुझाए सरकार, मन्त्रालय र प्राधिकरणको मात्रै पनि सरोकारको विषय रहेन । यो सबैको ठूलो सरोकारको विषय बनेको छ । जनसरोकारको विषयलाई आमजनताबाट पनि यो विषय उठ्ने लागेको छ,’ घिसिङले भने-‘यो विषय काट्ने र जोड्ने अनि बक्यौता रहने विषय रहन हुँदैन । पहिले नै भनेका छौं अब हामी धेरै लाइन काट्नेतिर जोडेका छौं । समाधानको अन्तिममा थियौं ।’

घिसिङका अनुसार प्राधिकरणलाई विभिन्न निकाय र पक्षबाट औद्योगिक वातावरणलाई नकारात्मक दिशामा धकेलेको आरोप पनि छ ।

‘प्राधिकरणले यसलाई बढावा दिनुपर्नेमा लाइन काटेर वातावरण बिगार्न लागेको भन्नेमा यो विषयमा प्राधिकरण सचेत छ । यही भनेर नै प्राधिकरण सुरुदेखि नै लागेका छौं ।’-उनले भने ।

साथै, उनले प्राधिकरणले प्रदान गर्ने सेवासुविधामा आफूहरू गम्भीर रहेको जिकिर गरे ।

‘प्राधिकरणले दिने सेवासुविधामा गम्भीर छौं । बक्यौता भएको उद्योगलाई थप लोड स्वीकृत नगर्ने अवस्था हुँदा पनि त्यसलाई संशोधन गरेर ८ सय मेगावाट लोड स्वीकृत गरेर सहयोग गरेका छौं,’ उनले भने-‘त्यसअघि ४/५ सय मेगावाट स्वीकृत गरेका छौं । सबै उद्योग एकनासले चल्दैन । लोड स्वीकृत भएको अवस्थामा उहाँहरुले चलाउन सक्नुहुन्छ । उद्योगको शुल्क विश्वमै नभएको कम छ । ग्राहकको भन्दा पनि ।’



घिसिङले बक्यौताको विषयलाई विवादित र राजनीतीकरण गर्ने काम भएको आरोप पनि लगाएका छन् ।

उनले उद्योगीहरूले ऐन कानुनअनुसार तिनुपर्ने रकम तिर्नैपर्ने दाबी गरे ।

‘बक्यौतालाई झन् विवादित बनाउने र राजनीतीकरण गर्ने काम भएको छ । जुन बेला लाइन काटिन्छ त्यसअघि जति पनि प्रडक्ट उत्पादन गरेको हुन्छ, पूर्ण क्षमतामा चलेको हुँदैन,’ घिसिङले भने, ‘जहिलेसम्म त्यो बिक्री हुँदैन उहाँहरु लाइन जोड्न यहाँ आउनुहुन्न । अनि बेरोजगारी बढायो, आर्थिक अवस्था तहसनहस भयो भनेर इमोसनल ब्ल्याकमेलिंग गर्नुहुन्छ। यो राम्रो कुरा होइन ।’

‘यो सरकारले उद्योगीलाई हेर्नुपर्छ तर तिर्नुपर्ने चिज उहाँहरूले पनि तिर्नुपर्छ । ऐन कानुनअनुसार तिर्नुपर्ने रकम उहाँहरूले तिर्नुपर्छ ।’-उनले भने ।

बक्यौता असुलीमा ठूलो राजस्व उठाएर नाफा कमाउने जस्ता आरोप पनि लगाएको भन्दै उनले भने-‘उहाँहरूले आफ्ना प्रडक्टमा १७ घण्टा लोडसेडिङमा सर्वसाधारणले भन्दा बढी बिजुली प्रयोग गरेर फाइदा लिनुभएको छ । अहिले तिर्दिन भन्नु त्यति न्यायिक नहोला ।’

पछिल्लो सयम देखिएका यस्ता गतिविधिले प्राधिकरणको वित्तीय अवस्थालाई धक्का पुऱ्याउने उनको विश्लेषण छ ।

‘यस्ता गतिविधिले प्राधिकरणको वित्तीयअवस्थालाई ठूलो धक्का पुऱ्याउने देखाएको छ । ठूलाको बक्यौता नउठाउने, उठाउन नसक्ने, लाइन जोड्दै जाने, जनताको १ हजार तिर्न नसक्दा वर्षमा २ लाख लाइन काट्ने अवस्था सिर्जना भएको छ । संकलन घट्दै गएको छ । ९५ प्रतिशत माथि संकलन हुने अवस्थाबाट ८५ प्रतिशत मात्रै संकलन हुने अवस्था छ ।’-घिसिङले भने ।

उनले उद्योगीले उपभोग गरेको बिजुलीको रकम कानुनअनुसार कुनै पनि हालतमा उठाएरै छाड्ने दाबी गरेका छन् ।

उनले बक्यौता उठाउने कुराबाट आफू पछि नहट्ने र उच्च मनोबलसहित लाग्ने बताए ।

‘उद्योगीले उपभोग गरेको बिजुलीको रकम कानुनअनुसार कुनै पनि हालतमा उठाउनेछु । विचलित हुनेछैन । उच्च मनोबलसाथ लाग्नेछु ।’-उनले भने । नेपालको संविधान, ऐन, कानुनमा रहेर आफूले काम गरेको दाबी गर्दै उनले भने-‘कुलमानले दुःख दिने काम गर्छ भन्नु गलत हो । नेपालको संविधान, ऐन, कानुनमा रहेर काम गरेको छु । त्यसो देश र संस्थाको हितका लागि हो ।’

संस्थाको राजस्व उठाउन खोज्दला नाजायज रकम उठाउने प्रयास भएको भन्दै आफूमाथि भन्नु गलत रहेको उनको भनाइ थियो ।

## यूएईलाई हराउँदै नेपाल यु-१९ महिला विश्वकपमा छनोट



काठमाडौं । नेपाल आगामी वर्ष हुने मलेसियामा हुने आइसीसी यु-१९ टी-२० महिला विश्वकपमा छनोट भएको छ । बुधबार भएको निर्णायक खेलमा यूएईलाई ८ विकेटले हराउँदै नेपाल पहिलोपटक यु-१९ महिला विश्वकपमा छनोट भएको हो ।

यूएईले दिएको ८४ रनको लक्ष्य नेपालले १४ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि ओपनर सना प्रविनले अविजित रहँदै सर्वाधिक  ३५ रन बनाइन् । त्यस्तै कप्तान पूजा महतोले १८ बलमा २१ रनको योगदान दिइन् । सावित्री धामीले १२ रन बनाइन् ।

टस जितेर पहिले ब्याटिङ गरेको यूएईले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८३ रन बनाएको थियो । यूएईका लागि कप्तान समाइरा धर्निधरकाले सर्वाधिक ३१ रन बनाइन् । त्यस्तै रिनिथा रञ्जितले २० रन बनाइन् भने ओपनर लावन्या केनी र इन्दुजा नन्दाकुमारले समान १० रन बनाए । नेपालका लागि कृष्मा गुरुङले ४ ओभरमा १७ रन दिएर ४ विकेट लिइन् । उनले कप्तान धर्निधरकासहित ३ खेलाडीलाई एकै ओभरमा आउट गराएकी थिइन् । नेपालका रिया शर्मा र सीमा केसीले २-२ विकेट लिँदा रचनाकुमारी चौधरीले १ विकेट लिइन् ।

## ‘एक अस्पताल, एक रक्तसञ्चार केन्द्र’

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रगतको गुणस्तर सुधार र सहज उपलब्धताका लागि ‘एक अस्पताल, एक रक्तसञ्चार केन्द्र’ को नीति अघि बढाउने भएको छ । स्वास्थ्यमन्त्री प्रदीप पौडेलले रगतको गुणस्तरमा देखिएका समस्या समाधान गर्न यो नीति ल्याइएको जानकारी दिए ।

मन्त्री पौडेलका अनुसार रगतको गुणस्तर, मापदण्ड निर्धारण गर्न मन्त्रालयले छुट्टै समिति गठन गर्न लागिएको छ । जनस्वास्थ्य सेवा नियमावली २०७७ ले २५ शैयाभन्दा बढी क्षमता भएका अस्पतालमा रक्तसञ्चार सेवा अनिवार्य गरे पनि हाल धेरै ठूला अस्पतालहरूले समेत बिरामीलाई अन्य रक्तसञ्चार केन्द्रमा पठाउने गरेका छन् ।

‘रक्तदानको दर निकै कम छ र आम नागरिकलाई यसतर्फ प्रोत्साहन गर्नु आवश्यक छ ।’- मन्त्री पौडेलले भने । उनका अनुसार गठित समितिले रगत संकलन केन्द्रहरूको व्यवस्थापन र मापदण्डको अनुगमन गर्नेछ र एक महिनाभित्र प्रतिवेदन बुझाउनेछ ।हाल रक्तसञ्चार केन्द्र र अस्पतालहरूबिच समन्वयको अभाव छ । विगतमा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेका रक्तसञ्चार केन्द्रहरू निरन्तर सञ्चालनमा आउन नसक्दा पटक-पटक रगतको अभाव हुने गरेको छ । त्यसैगरी, बिरामी आफैं रगत खोज्न जाने भएकाले ब्लड ब्याकदेखि अस्पतालसम्म पुऱ्याउँदा रगत भण्डारणको मापदण्ड पालना नहुने चिकित्सक बताउँछन् ।

रगतको संकलन, भण्डारण, प्रशोधन र वितरणमा मापदण्ड पालना नगरिंदा एवं नियमन नहुँदा बिरामीको जीवनमै खेलबाड भइरहेको छ ।

# दोस्रो दिन रविसँग ९ घण्टा बयान, आज पनि हुने

लामिछानेलाई सरकारी वकिलको कार्यालय लैजाने र ल्याउने क्रममा पत्रकारले फोटो समेत लिन नपाउने गरी प्रहरीले कडा सुरक्षा घेरा बनाएको थियो ।





**मोहम्मद हबिब**
*भैरहवा*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेको भैरहवामा जारी बयान बुधबार दोस्रो दिन ९ घण्टासम्म लिइए पनि पूरा भएको छैन । सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण समेतमा अनुसन्धानमा लागि पोखराबाट भैरहवा ल्याइएका लामिछानेसँग बुधबार बिहान सवा १० बजेदेखि साँझ सवा ७ बजेसम्म बयान लिइएको थियो ।

जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल, इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी विजयराज पण्डित, जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकारीहरुलगायतको उपस्थितिमा बयान भएको हो । करिब ९ घण्टा बयान लिइएको तर नसकिएको जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीका प्रमुख न्यायाधिवक्ता प्रेमराज पौडेलले बताए । ‘बयान लिने काम अन्तिमतिर आएको छ, सकिएको छैन, बयान रुजु गर्ने र रोलक्रम गर्न बाँकी छ, बिहीबार  १० बजेदेखि पुनः बाँकी बयान हुन्छ ।’-पौडेलले भने ।

नम्बरिङ गर्न बाँकी रहेकोले कति वटा प्रश्न गरिएको भन्नेबारे यकिन भएको छैन । बयान पूरा गर्न कति समय लाग्छ भन्न सकिने अवस्था पनि नरहेको उनले बताए । ‘उहाँविरुद्ध परेको सहकारी ठगिको कसुरमा केन्द्रीत रहेर नै सवाल जवाफ भएका छन्, उहाँको सहमतिमा नै सहज रुपमा जवाफ आएका छन् ।’-पौडेलले भने ।

लामिछानेलाई सरकारी वकिलको कार्यालय लैजाने र ल्याउने क्रममा पत्रकारले फोटो समेत लिन नपाउने गरी प्रहरीले कडा सुरक्षा घेरा बनाएको थियो । सरकारी वकिलको कार्यालयमा ठूलो संख्यामा प्रहरी अधिकृतहरु नै खटिएर प्रहरीको घेरामा नै बयान कक्षसम्म पुऱ्याइएको थियो ।

बुधबारको बयानपछि उनलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ । मंगलबार बयानपछि बाहिर निस्कने क्रममा सरकारी वकिलको कार्यालय परिसरमै ‘खोरमा थुन्दैमा बाघ स्याल हुँदैन’ भन्ने प्रतिक्रिया दिएपछि आज ‘माथिको आदेश भन्दै’ कसैसँग प्रतिक्रिया दिन र फोटो खिच्न नमिल्ने गरी प्रहरीले घेरा हालेर उनलाई आउजाउ गराएको थियो । पोखरा र रुपन्देहीमा एकै प्रकृतिको कसुर भए पनि जिल्ला र संस्था फरक-फरक भएकाले लामिछानेविरुद्ध रुपन्देहीमा छुट्टै मुद्दा दर्ता हुने रूपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरले बताए। ‘जति जिल्लामा उजुरी दर्ता हुन्छ, त्यहींको कागजात र प्रमाणअनुसार नै प्रक्रिया अघि बढ्ने हो, एकै प्रकृतिको कसुरमा एकै चरणमा अनुसन्धान भए पनि गाभ्न मिल्दैन ।’-उनले भने ।

अहिलेसम्म पक्राउ अनुमति लिइएका र अनुसन्धान गर्नुपर्ने देखिएका अन्य व्यक्तिहरूविरुद्ध पनि रूपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता गर्ने तयारी रहेको राठौरले जानकारी दिए ।

» बाँकी २ पेजमा



# सम्पादकीय

## फोहरमैला व्यवस्थापनमा अन्तरपालिका सहकार्य गरौं

बुटवल उप-महानगरपालिकाले तिनाउ नदी किनारमा फोहर व्यवस्थापन गर्दै आएको छ । सिद्धार्थ नगरपालिकाले डण्डा नदी किनारमा फोहरमैला फाल्छ भने देवदह नगरपालिकाले बस्ती नजिकैको वन क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्दै आएको छ । अरु पालिका पनि फोहरमैला व्यवस्थापनमा प्रभावकारी काम गर्न सकेका छैनन् । अहिले पालिकाले फोहरमैला व्यवस्थापनमा समस्या भोगिरहेका छन्, तर समस्या समाधानको बाटो पहिल्याउन सकेका छैनन् ।

पालिकाभित्रको फोहर व्यवस्थापनको काम पालिकाको हो । एकल अधिकारभित्र पर्ने र नागरिकको दैनिक जीवनसँग जोडिएको सवालप्रति पालिका गम्भीर छैनन् भन्ने देखिन्छ । सिद्धार्थनगर जस्तो पर्यटकीय नगरले डण्डा नदी किनारमा वर्षौंदेखि फोहर फाल्दै आउनु र बुटवल जस्तो साधनस्रोत सम्पन्न पालिकाले फोहरमैला व्यवस्थापनको पहलकदमी लिन नसक्नुले उनीहरुको कामप्रति प्रश्न उठेको छ।

नदी प्रकृतिले दिएका अनुपम उपहार हुन् । प्रकृतिले दिएका यी उपहारलाई यथावस्थामै राख्न सक्नुपर्छ। जहाँ अरु जीवजन्तु सहजै बाँच्न सकुन् । अरु जीवजस्तु सहजै बाँच्न सक्दा नै मानव जीवन सार्थक हुने हो। फोहरमैला नदी किनारमै फाल्दा अरु नदीमा बाँच्ने जीवजन्तुका लागि त कष्टकर भएको छ, मान्छेकै जीवन संकटमा परेको छ। वातावरणीय असन्तुलन बढेको छ।

विकास भनेको जिल्ला सडक, विमानस्थल र ठूला भवन मात्रै होइनन्। मान्छेको जीवन सहज बनाउनका लागि प्रकृतिको दोहनलाई न्यूनीकरण गर्नुपर्छ।

फोहरमैला व्यवस्थापनको ठाउँ नदी किनारलाई होइन्, एउटा व्यवस्थित क्षेत्र खोजौं, जहाँ फोहरमैला व्यवस्थापन गर्दा कसैलाई असर नगरोस् । संकलन भएको फोहरमैला प्रशोधन गरी आयआर्जन हुन सकोस् । कुनै एउटा पालिका मात्रै नभई संभव हुने धेरै पालिका मिलेर यस्तो काम गर्न संभव छ। दुई वा दुई भन्दा बढी पालिका मिलेर फोहरमैलाको दिगो व्यवस्थापनका लागि ठाउँ खोजेर अघि बढ्न सक्दा नदीमा भइरहेको प्रदूषण रोक्न सघाउ पुग्छ नै, पालिकाले पनि केही गर्दैछन् भन्ने सन्देश प्रवाह हुन्छ । अन्तरपालिका सहकार्यको मोडल रूपन्देहीमा सफल हुने बित्तिकै यसको सन्देश देशभरी जानसक्छ । देशभरीका पालिकालाई विकासमा समन्वय र सहकार्य बढाउन सक्छ।

# जीवन परिवर्तनको शिक्षापछि वैदेशिक रोजगारीमा

**केशव पराजुली**

*नवलपरासी*

लागुऔषध तथा मद्यपान सेवनको कुलतमा फसेका नवलपरासी सुनवलका मनिराम (नाम परिर्वतन ) सुधार केन्द्रबाट फर्किएपछि वैदेशिक रोजगारीमा गएका छन्। पश्चिम नवलपरासीको रामग्राममा रहेको परिवर्तन फाउण्डेशन सुधार केन्द्रमा आएर तीन महिना जीवन परिर्वतनको शिक्षा लिएर फर्केपछि उनी वैदेशिक रोजगारीमा गएका हुन्। मनिराम मात्र होइन दजनौ कुलतमा फसेका युवा अहिले वैदेशिक रोजगारीमा गएका छन्।

लागुऔषध तथा मद्यपानको कुलतमा लागेकाहरुलाई आफन्तले नै केन्द्रमा ल्याउने गरेका छन्। केन्द्रमा आउँदा दुःखी हुने आफन्तहरु सुधार भएर जाँदा हर्षीत हुने गर्दछन् । ५ वर्ष पहिले रामग्राम नगरपालिकामा खुलेको परिवर्तन फाउण्डेशन सुधार केन्द्र (लागुऔषध तथा मद्यपान उपचार र पुर्नस्थापना) ले दजनौ युवाहरुलाई कुलतबाट परिवर्तन गराएको छ। लागुऔषध तथा मद्यपान सेवनबाट परिवार र समाजमा अपहेलित युवाहरु केन्द्रको सम्पर्कमा आएपछि तीन महिनाको शिक्षापछि परिवर्तन हुने गरेका छन्।

रामग्राम नगरपालिका १२ पचगाँउका युवा रन्जित चौधरीलगायत तीन जना युवाहरुले खोलेको सुधार केन्द्रको सम्पर्कमा आएपछि लागुऔषध तथा मद्यपानको कुलतमा लागेहरु परिवर्तन भएर विभिन्न व्यवसाय सञ्चालन गरेको र कतिपय वैदेशिक रोजगारीमा गएको केन्द्रका सञ्चालक चौधरीले बताए । विगतमा आफू पनि लामो समयसम्म लागुऔषध तथा मद्यपानको कुलतमा फसेको बताउँदै चौधरीले घर परिवार, समाजबाट अपहेलित भएपछि आफूले लागुऔषध तथा मद्यपान छाडेर साथीहरुको सहयोगमा २०७७ सालमा केन्द्रको स्थापना गरेको बताए। २० देखि २५ जनाको क्षमता रहेको केन्द्रमा छ जना कर्मचारी रहेका छन् । मासिक दुईलाख खर्च रहेको केन्द्रलाई स्थानीय निकायले सहयोग नगरेको उनले बताए । केन्द्रमा भर्ना भएकाहरुबाट उठ्ने शुल्कले केन्द्र सञ्चालन गर्न कटीन भएको सञ्चालक चौधरीको भनाइ छ। केन्द्रमा योगा, ध्यान, सरसफाइका अवला जीवन परिवर्तनका कक्षा सञ्चालन हुने गरेका छन्। केन्द्रमा रहेकाकाको हप्ताको एक दिन स्वास्थ्य परीक्षण गर्ने गरिएको छ। केन्द्रमा १८ देखि ५० वर्षसम्मका दुर्व्यसनी रहेका छन् । केन्द्रमा सुधारका लागि आउनेसँग मासिक १५ हजार शुल्क लिने गरेको भए पनि कतिपय गरिब र असाय भएका कारण कम दिने गरेको केन्द्रका सञ्चालक चौधरीले बताए।

केन्द्रमा नवलपरासीका अलवा रुपन्देही, पाल्पालगायतबाट आउने गरेका छन्। केन्द्रलाई धनगढी निवासी मोहिन क्याप्टेनले एउटा टेम्पु सहयोग दिएका छन् । क्याप्टेनको अहिले निधन भएको छ। उनले खोलेको संस्थाले विभिन्न सामाजिक काम गर्ने गरेको छ । उनले प्रदान गरेको टेम्पु अझैं सञ्चालनमा आएको छैन। लागुऔषधको दुर्व्यसन तथा अवैध ओसार-पसार बहुपक्षीय सरोकारको विषय हो। यो समस्या कुनै स्थान, मुलुक वा क्षेत्र विशेषको समस्या मात्र नभइ विश्व मानव समुदायकै सामूहिक समस्याका रुपमा प्रकट हुँदै आएको छ।

विश्वका सबै जसो राष्ट्र यस समस्याबाट अछुतो रहन सकेका छैनन् । नेपालमा सन् १९६० को दशकको सुरुदेखि हिप्पी संस्कृतिको आगमनका साथै लागुऔषध दुर्व्यसनको समस्या जटिल हुँदै गएको देखिन्छ । नेपालमा लागुऔषध प्रयोगकर्ताहरुको संख्या आजभन्दा १२ वर्ष अगाडि नै पचास हजार नाघि सकेको अनुमान गरिएकोमा हालको अव्यवस्थित शहरीकरण, संगठित आपराधिक सञ्जालको प्रभाव वृद्धि, तथा कथित आधुनिकीकरणको विस्तार आदिका कारणले हालका दिनमा यो संख्या निकै बढ्न गएको अनुमान गर्न सकिन्छ । शहरी क्षेत्र र खासगरी नेपाल-भारत सिमावती शहरहरुमा यो समस्या बढ्दो मात्रामा रहेको पाइन्छ । खासगरी जोखिम समूहका युवायुवतीमा लागुऔषधको दुरुपयोग तथा दुर्व्यसनको प्रवृत्ति बढी रहेको पाइन्छ भने विगतमा गाँजा, चरेस र हेरोइनको सेवनमा सीमित रहेका लागुऔषध प्रयोगकर्ता केही वर्षदेखि सुईको माध्यमबाट समेत लागुऔषध प्रयोग गर्न थालेको पाइन्छ। पछिल्लो समय शहरी क्षेत्रका महिलाहरुमा समेत लागुऔषध दुर्व्यसनको समस्या बढिरहेको छ। विश्यव्यापी रुपमा फैलिँदै गएको लागुऔषधको सेवनबाट नेपाल पनि अछुतो रहन सकेको छैनन्।

नेपालमा लागुऔषध दुर्व्यसनका सात हजार जना जेलमा र ५ हजार जना उपचार तथा पुनर्स्थापना केन्द्रमा रहेको एक तथ्याङ्कले देखाएको छ। सन् १९८७ मा सांयुक्त राष्ट्र संघीय महासभाले प्रत्येक जुन २६ लाई लागुऔषध दुरुपयोग तथा ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने घोषणापछि नेपालमा पनि यो दिवस मनाउने गरिन्छ। नवलपरासी पश्चिम खुल्ला सिमानाका भएका कारण पनि लागुऔषध ओसारपसार तथा सेवन गर्न सहज रहेको छ । खुल्ला सिमानाको फाइदा उठाउँदै सिमावर्ती भारतीय बजारबाट नवलपरासी हुँदै अन्य जिल्लामा लागुऔषध ओसारपसार हुने गरेको छ । प्रहरीले पक्राउ गर्ने र कारबाही गर्ने गरेको भए पनि लागुऔषधको कारोबारमा भने कमी आएको छैन।

लागुऔषधको कुलतमा लागेका कतिपय युवा सिमावर्ती भारतीय बजारबाट सेवन गरी आउने गरेको पाइन्छ । जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीमा आर्थिक वर्ष ०८१/०८२ को श्रावणदेखि अहिलेसम्म कुल ११ वटा लागुऔषध मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी(बसुप) का प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी रेशम बोहराले बताए। उनका अनुसार १९ जनालाई पक्राउ गरिएको छ।

# देवदहको वार्षिक समीक्षा

देवदह । देवदह नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरेको छ। पालिकामा रहेका विभिन्न शाखाले गरेका कार्यसम्पादन र वडा कार्यालयले गरेको कार्य सम्पादनको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको हो।

समीक्षा कार्यक्रममा पालिकामा रहेका विभिन्न शाखा प्रमुखहरुले आर्थिक वर्ष २०८०/०८१ मा गरेका कार्य सम्पादन र कार्य सम्पादन गर्ने बेलामा भएका चुनौतीको विषयमा शाखागत प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रगति प्रतिवेदन प्रस्तुत गर्दै लेखा अधिकृत निरज पौडेलले नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को लागि विनियोजन गरेको एक अर्ब ७ करोड २६ लाखमध्ये ६५ प्रतिशत कार्य सम्पादन गरेको जानकारी दिए। उनले आर्थिक बर्षमा आन्तरिक राजश्व, प्रदेश र संघीय सरकारबाट ८६ करोड ४१ लाख रकम प्राप्त गरेकोमा ७१ करोड ४५ लाख खर्च गर्न सफल भएको जानकारी दिए। पौडेलका अनुसार चालु खर्च तर्फ ४८ करोड ७५ लाख २३ हजार, पुजीगत खर्च २२ करोड ७० लाख खर्च गरेको जानकारी दिए।

पौडेले नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को लागि प्रत्येक वडामा एक करोड ७ लाख विनियोजन गरेकोमा ९८ प्रतिशत खर्च गरेको बताए। यसैगरी आर्थिक विकास तर्फ ५ करोडमध्ये ३ करोड योजना सम्पन्न गरी ६० प्रतिशत, समाजिक विकासतर्फ ३४ करोड मध्ये ३० करोड खर्च गरी ८७ प्रतिशत, पूर्वाधार विकासतर्फ ३९ करोड मध्ये १४ करोड मात्र खर्च गर्न सकिएको जानकारी दिए।

सुशासनतर्फ ११ करोडमध्ये ९ करोड, कार्यालयतर्फ १६ करोडमध्ये १४ करोड, शिक्षातर्फ २६ करोडमध्ये २३ करोड, स्वास्थ्यतर्फ ५ करोडमध्ये ४ करोड, कृषितर्फ २ करोड ७५ लाखमध्ये एक करोड ४९ लाख खर्च गरेको पौडेलले जानकारी दिए । यसैगरी पूर्वाधार विकासतर्फ १५ करोडमध्ये १२ करोड १८ लाख खर्च भएको जानकारी दिए। यसैगरी आर्थिक वर्ष २०७३ देखि २०८० सम्म नगरपालिकाको २० करोड बजेरु रहेको पौडेलले बताए । २० करोड बेजुरुमध्ये यस आर्थिक वर्षको चौमासिकभित्र २ करोड ५५ लाख फर्स्यौट गरेको उनले जानकारी दिए।

पूर्वाधार विकास शाखा प्रमुख ईञ्जिनियर राजकुमार यादवले आर्थिक वर्ष २०८०/०८१ मा ४४० वटा योजनामध्ये ४ सय १४ वटा उपभोक्ता समिति र २२ वटा योजना ठेक्का प्रक्रियाबाट सम्पन्न गरेको जानकारी दिए।

देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलको अध्यक्षतामा भएको समिक्षा कार्यक्रममा सहकारी शाखाका तीर्थराज खनाल, कृषि सेवा शाखाका प्रविन गौडेल, कृषि शाखाका सुस्मिता पौडेल, योजना शाखाका मीना भूषाल, भूमि व्यवस्था शाखाका रामणि अर्याल, रोजगार सेवा केन्द्रका दिनेश लम्साल, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका ईन्दिरा भूषाल, स्वास्थ्य शाखाका काशीनाथ बन्जाडेलगायतले शाखागत विवरण प्रस्तुत गरेका थिए।

नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गको स्वागत, रमेश गिरीको सञ्चालनमा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा लगायतले आ-आफना भनाई राखेका थिए।

# बुटवलमा व्यवस्थापन र सामाजिक विज्ञानमा अन्तर्राष्ट्रिय सम्मेलन हुने




बुटवल । लुम्बिनी वाणिज्य क्याम्पस बुटवलले आगामी मंसिर १४ र १५ गते चौथो अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ।

क्याम्पसले पत्रकार सम्मेलन गरी दुईदिन इन्टरनेशनल कन्फ्रेन्स अन ग्लोबल इनोभेसन इन म्यानेजमेन्ट एण्ड सोसल साइन्स (प्रज्ञानम् ब्रह्म) (४) आयोजना गर्न लागिएको जानकारी गराएको हो।

प्राध्यापकहरुले उच्च शैक्षिक गुणस्तर वृद्धि गर्न ज्ञान र सीपलाई वृत्ति विकाससँग जोड्ने तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उच्च शैक्षिक समन्वय बढाउन यस्ता अन्तर्राष्ट्रियस्तरका कन्फ्रेन्सहरु महत्वपूर्ण हुने बताए।

कन्फ्रेन्समा नेपालसहित भारत, पाकिस्तान, चीन थाइल्याण्ड, मलेसियालगायतका विभिन्न विश्व विद्यालयका पदाधिकारी, वरिष्ठ प्राध्यापक, विद्यार्थी, अनुसन्धानकर्ताहरु तथा सरकारी तथा गैरसरकारी अभ्यासकर्ताहरुले अनुसन्धानको निष्कर्ष प्रस्तुत गर्ने छन्।

लुम्बिनी वाणिज्य क्याम्पसले सञ्चालन गर्दै आएको यो चौथो कन्फ्रेन्स हो। यस अगाडि तीनपटक सम्पन्न गरिसकेको छ। नेपालको त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन प्राध्यापक डा. डिल्लीराज शर्मासहित भारत, चीन, मलेसिया, थाइल्याण्डका विभिन्न विश्वविद्यालयका प्राध्यापकहरुलाई प्रमुख वक्ताको रुपमा राखिएको सह-प्राध्यापक तथा कार्यक्रम संयोजक पिताम्बर सापकोटाले जानकारी दिए । सरकारी तथा गैरसरकारी संस्थाका अनुसन्धानकर्ताहरु समेत गरी १२० जनाभन्दा बढी अनुसन्धानकर्ताले अनुसन्धान पत्र प्रस्तुत गर्नेछन्।

कन्फ्रेन्स सम्पन्न गर्न ४५ लाख खर्च लाग्ने अनुमान गरिएको छ। सरकारले यस्ता खालका महत्वपूर्ण विषयमा अनुसन्धानका लागि बजेट नदिएकोप्रति आयोजकहरुले गुनासो गरेका छन्।

कन्फ्रेन्सका लागि सरकारको तर्फबाट मात्रै २ लाख सहयोग प्राप्त हुने आश्वासन पाइएको क्याम्पस प्रमुख डा. ताराप्रसाद उपाध्यायले बताए। क्याम्पस प्रमुखका अनुसार अहिलेसम्म २५ लाख सहयोगबाट संकलन गरिएको अन्य आवश्यक पर्ने २० लाख संकलनका लागि तयारी भैरहेको छ।

बुटवलको बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजना हुने कन्फ्रेन्सको उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

# कृषकलाई उन्नत गहुँको बिउ वितरण



भैरहवा। रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले कृषकहरुलाई उन्नत गहुँको बिउ वितरण सुरु गरेको छ।

नगरपालिकाले पचास प्रतिशत अनुदानमा कृषकलाई उन्नत गहुँको बिउ वितरण सुरु गरेको हो। जात नखुलेका बिउ बिजक प्रयोगबाट हुने नोक्सानी कम गरी कृषकको आयवृद्धि गर्ने उद्देश्यले बिउ वितरण गरिएको सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इस्तियाक अहमद खाँले जानकारी दिए।

बजारमा पाइने कमसलखालका बिउ लगाउँदा दाना नलाग्ने, उत्पादन कम हुने जस्ता समस्या कम गर्न र उन्नत बिउ प्रयोगमा कृषकलाई आकर्षित गर्न कृषकको माग बमोजिम नेपालमै बनेको उन्नत बिउ वितरण गरिएको उनले बताए । कृषकको कृषि योग्य जमिनको आधारमा कम्तीमा १ बोरा र थप आवश्यकताको आधारमा बिउ वितरण गर्न लागिएको हो।

नगरपालिकाका कृषि शाखा प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार वितरणको लागि कृषि सामग्री कम्पनीबाट आठ सय बोरा मल ल्याइएको छ। ४० किलोको एक बोरालाई ३ हजार ४ सय रुपैयाँ पर्छ, भने यसमा नगरपालिकाले कृषकलाई १ हजार ७ सयमा दिएको छ।

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा बुधबार शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ। कारोबारमा नेप्से परिसूचक १४ दशमलव १२ अङ्कले ओरालो लागेर दुई हजार सात सय ३४ दशमलव ८३ मा आएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ०८ अङ्कले ओरालो लागेर चार सय ८३ दशमलव ६९ मा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये चार उप-समूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ।

कारोबारमा कुल एक करोड ५३ लाख ६२ हजार दुई सय छ कित्ता शेयर रु सात अर्ब ९१ करोड १९ लाख ७६ हजार चार सय ४९ मूल्यमा खरिदबिक्री भएको छ । नेप्सेका अनुसार सप्तकोशी डेभलपमेन्ट बैङ्क र सृजनशील लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । पोखरा फाइनान्स नौ दशमलव ९९, समृद्धि फाइनान्स नौ दशमलव ९९ र मक्कर जितुमाया सुरी हाइड्रोपावरको शेयरमूल्यमा नौ दशमलव ९९ प्रतिशतले वृद्धि भएको छ। आजको कारोबारमा कुथेली बुखरी हाइड्रोपावरको शेयरमूल्य १० प्रतिशतले घटेको छ। समाज लघुवित्त चार दशमलव ९३ प्रतिशत, एनएलजी इन्सुरेन्स चार दशमलव ०४ प्रतिशत र बुटवल पावर कम्पनीको शेयर मूल्य तीन दशमलव ६३ प्रतिशतले घटेको छ।

**दोस्रो दिन** ...

पहिलो दिन मंगलबार दिउँसो १ बजेपछि करिब २० वटा मौखिक प्रश्नहरु सोधिएकोमा लामिछानेले इन्कारी बयान दिएका थिए । रविको विरुद्धमा परेको सहकारी ठगीसम्बन्धी कसुरमा पहिलो दिन ३ घण्टा ३५ मिनेट बयान लिइएको थियो।

पोखराको सूर्य दर्शन सहकारीको रकम हिनामिनामा संलग्न रहेको आरोपमा पक्राउ परेका लामिछानेमाथि बुटवलमा रहेको सुप्रिम सहकारीको रकम समेत हिनामिनामा संलग्न रहेको आरोप छ । जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा रहेका उनलाई सूर्यदर्शन सहकारीमा अनुसन्धान सकिएकाले सुप्रिमको अनुसन्धान गर्न मंगलबार रुपन्देही ल्याइएको हो।

रुपन्देही जिल्ला अदालतले रवि लामिछाने र छविलाल जोशीसहित १२ जनाविरुद्ध कार्तिक ८ गते पक्राउ पूर्जी जारी गरिसकेको थियो। प्रहरीले बुटवलस्थित सुप्रिम ऋण तथा बचत सहकारी संस्थाको १४ करोड २९ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर खर्च गरेको कसुरमा अनुसन्धान गरिरहेको छ।

बुटवलस्थित सुप्रिम सहकारीबाट एक करोड ९६ लाख रवि लामिछानेकै नाममा र १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ।

रुपन्देही ल्याएसँगै रास्वपा र सहकारी पीडित दुवै पक्षले दिनभर प्रदर्शन जारी राखेका छन्। सुप्रिम सहकारी पीडितले उनलाई बयान लिने सरकारी वकिलको कार्यालय तथा जिल्ला अदालत परिसरमा वरिपरि प्रशासन निषेध गरी बयान जारी राखेकोले विरोध प्रदर्शन बाहिर भइरहेको छ।

बुधबारको प्रदर्शनमा समर्थक र प्रहरीबिच अदालत अगाडिको ब्यारिगेडमा ठेलमठेल भएको थियो।

# रूपन्देही सुपरलिगः बुटवल–११ लाई सफलता

भैरहवा। रुपन्देहीको भैरहवामा जारी 'रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता' अन्तर्गत डिभिजन 'बी'को बुधबारको खेलमा बुटवल-११ क्रिकेट क्लबले सफलता हात पारेको छ। उसले साई ग्लोबल एकेडेमीमाथि ६ विकेटको जित निकालेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको साई ग्लोबलले मौसमका कारण ३३ ओभरमा छोट्याइएको खेलमा ३० ओभर १ बल खेल्दै ८४ रनमै आलआउट भयो। उसका लागि अभिषेक सुनारले १८, अजय चाईले १३, प्रयाश गैरेले ११ र आह्वान घिमिरेले १० रन बनाए पनि अन्य ब्याटरले दोहोर अंकमा रन बटुल्न सकेनन् र टिम सस्तैमा समेटियो। बलिङमा उसलाई न्युन स्कोरमा रोक्न बुटवल-११ का विभेष खातीले ३, एजाज अहम्मद र विशाल भुसालले २-२ तथा सुदन श्रेष्ठ, रामकुमार कसौधन र प्रमिश अर्यालले समान १-१ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको बुटवल-११ ले २० ओभरमा ४ विकेटको नोक्सानीमा ८६ रन बनाउँदै जित निकाल्यो। उसको जितमा विशाल भुसालले ३०, प्रमिश अर्यालले २० र मनिष न्यौपानेले १३ रनको योगदान दिए। बलिङमा साई ग्लोबलका पंकज मिश्रा, पिन्टु साहनी, मोहम्मद मोइन र आह्वान घिमिरेले १-१ विकेट लिए। खेलमा बुटवल-११ का विशाल भुसाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

---

स्थानीय सरकार

## रामग्राम नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

### सामुदायिक विद्यालयको लेखा परीक्षणको लागि सूचिकृत हुने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :–२०८१/०७/२९)**

रामग्राम नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक तथा धार्मिक प्रकृतिका विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रको आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण गर्न नेपाल चाटर्ड एकाउण्टेन्ट संस्थामा सूचिकृत तथा नविकरण भएका लेखा परीक्षकहरुको निवेदन माग गर्ने निर्णय नगर शिक्षा समितिको मिति २०८१/०७/२७ को बैठकले गरेको हुँदा सूचिकृत हुने प्रयोजनका लागि इच्छुक रजिष्टर्ड लेखापरीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तपसीलका कागजात सहित रामग्राम नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी थप जानकारी रामग्राम न.पा.को Website : www.ramgrammun.gov.np मा राखिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## शुद्धोधन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/२९**

यस गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८१/०७/१ मा सूचना प्रकाशनमा सेनेटरी प्याड खरिद सम्बन्धी कार्यको दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरेबमोजिम E-gp मार्फत दर्ता हुन आएका दरभाउ पत्रहरु मध्ये तपशिल अनुसारका दरभाउ पत्र दाताहरुले पेश गरेको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिइ स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

| S.N. | Contract ID | Name of Contractor & Address | Name of Project | Amount (With VAT) NRs |
|---|---|---|---|---|
| 1 | SQ/SRM/01/ GOODS/081-82 | Angel touch Hygiene Manufacturing pvt.Ltd Lalitpur | Procurement and supply of sanitary pads | 604719.50 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

दर्ता नं. २०६७/२०६८ ६९० (२४३०) फोन नं. ०७१-५७२६४४

(नेपाल सहकारी ऐन २०४८ अन्तर्गत स्वीकृत प्राप्त)

## श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.

सिद्धार्थनगर न.पा.-७, भृकुटी पथ, भैरहवा, रुपन्देही

### धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२२ गते मंगलबार**
**दोस्रो पटक प्रकाशित मिति : २०८१/०७/२९ बुधबार**

रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ७ भैरहवा स्थित अविरल बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीहरुले लिएको कर्जा रकमको साँवा, सो को व्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/०४/१० को दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको, सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिंदाका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले सिद्धार्थनगर नगरपालिका सहकारी ऐन, २०७४ (प्रथम संशोधन), २०८१ को दफा ५८ (१) तथा ऐ को सहकारी नियमावली २०७८ को दफा २५ (१) एवं संस्थाको कर्जा लगानी तथा असुली कार्यविधि - २०८१ बमोजिम लिलाम बढाबढका लागि यो सुचना प्रकाशन गरिएको छ।

| क्र.सं | ऋणीको नाम थर | ऋणीको फोटो | धन जमानीको नाम थर | धितोको विवरण |
|---|---|---|---|---|
| १ | नाम : मिस्री लाल धोवी<br>बाबु : श्याम लाल धोवी<br>बाजे : घिसियावन<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २३२५,रुपन्देही<br>जारी मिति : २०३३/११/१९ |  | नाम : बिमला धोवी<br>श्रीमान : मिस्री लाल धोवी<br>ससुरा : श्याम लाल धोवी<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २८७,रुपन्देही<br>जारी मिति :२०४६/०३/०७ | ठेगाना : सिद्धार्थनगर न.पा. १३,रुपन्देही<br>किता नं. २२५<br>क्षेत्रफल :७४ वर्ग मि.<br>सिट : १०४०२३८१२ |
| २ | नाम : ओसि उल्लाह मुसलमान<br>बाबु : इनातुल्ला मु.<br>बाजे : अलिजान<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. १/१२/६८९४३, कपिलबस्तु<br>जारी मिति : २०६२/११/१६ |  | नाम : आमिना खातुन<br>श्रीमान : ओसि उल्लाह मुसलमान<br>ससुरा : इनातुल्ला मु.<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. ३८-०१-७०-१९४८, कपिलबस्तु<br>जारी मिति :२०७०/१२/२६ | ठेगाना : सिद्धार्थनगर न.पा. ६,रुपन्देही<br>किता नं. ४९<br>क्षेत्रफल :६६.०७ वर्ग मि.<br>सिट : १०४०२३७०८ |

सर्तहरु :

- लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथमा विहान ११:०० बजे देखि २:०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ।
- लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिन भित्र दाखिला गर्नुपर्ने छ। १५ दिन भित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदा लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्नेछ।
- शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन।
- लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहीत रहनेछ।
- यस सम्बन्धमा थप बुझ्नुपर्ने भए अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथ मा सम्पर्क राख्नुहोला।

**अन्य थप जानकारी : ०७१-५७२६४४**

---

## जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं. ०७१-४३८१७१ (email : info@jucbank.com.np)

### Unaudited Financial Report (Quarterly)

As on First Quarter for the Fiscal Year 2081/082 (30/06/2081)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending | Remarks |
|---|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,379,085.64** | **2,274,558.92** | **2,293,832.63** | |
| 1.1 | Paid-up Capital | 170,091.90 | 170,091.90 | 170,091.90 | |
| 1.2 | Reserves and Surplus | 86,043.78 | 89,132.28 | 98,218.90 | |
| 1.3 | Debenture and Bond | | | | |
| 1.4 | Borrowings | 1,171,458.15 | 1,075,993.08 | 1,146,823.45 | |
| 1.5 | Deposits (a+b) | **876,590.70** | **870,652.89** | **818,774.33** | |
| | a. Domestic Currency | 876,590.70 | 870,652.89 | 818,774.33 | |
| | b. Foreign Currency | | | | |
| 1.6 | Income Tax Liabilities | 3,355.42 | 3,355.42 | 7,141.39 | |
| 1.7 | Other Liabilities | 71,545.68 | 65,333.35 | 52,782.65 | |
| 2 | **Total Assets (2.1 to 2.7)** | **2,379,085.64** | **2,274,558.92** | **2,293,832.63** | |
| 2.1 | Cash & Bank Balance | 12,125.85 | 11,818.64 | 14,879.08 | |
| 2.2 | Money at call and short Notice | 177,646.91 | 101,994.29 | 168,529.27 | |
| 2.3 | Investments | | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,098,530.67** | **2,069,137.56** | **2,018,219.24** | |
| | a. Real Estate Loan | - | - | - | |
| | 1. Residential Real Estate Loan (Except Personal H | - | - | - | |
| | 2. Business Complex & Residential Apartment Co | - | - | - | |
| | 3. Income generating Commercial Complex Loan | - | - | - | |
| | 4. Other Real Estate Loan (Including Land Purcha | - | - | - | |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - | |
| | c. Margin Type Loan | - | - | - | |
| | d. Term Loan | - | - | - | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - | |
| | f. Others | 2,098,530.67 | 2,069,137.56 | 2,018,219.24 | |
| 2.5 | Fixed Assets | 8,280.39 | 8,213.89 | 9,925.50 | |
| 2.6 | Non Banking Assets | | - | - | |
| 2.6 | Other Assets | 82,501.81 | 83,394.53 | 82,279.54 | |
| 3 | **Profit and Loss Account** | | | | |
| 3.1 | Interest income | 66,214.92 | 295,282.25 | 61,044.28 | |
| 3.2 | Interest Expense | 43,396.64 | 200,873.70 | 52,995.32 | |
| A | **Net Interest Income (3.1-3.2)** | **22,818.28** | **94,408.55** | **8,048.96** | |
| 3.3 | Fees Commission and Discount | - | - | - | |
| 3.4 | Other Operating Income | 6,369.12 | 26,948.32 | 7,567.58 | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - | |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **29,187.40** | **121,356.87** | **15,616.54** | |
| 3.6 | Staff Expenses | 21,627.89 | 81,201.22 | 17,674.79 | |
| 3.7 | Other Operating Expenses | 5,844.69 | 31,814.04 | 6,556.88 | |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **1,714.82** | **8,341.60** | **(8,615.13)** | |
| 3.8 | Provision for Possible Loss | 9,505.43 | 32,640.34 | 14,644.62 | |
| D | **Operating profit (C-3.8)** | **(7,790.61)** | **(24,298.74)** | **(23,259.75)** | |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - | |
| 3.10 | Write Back of Provision for Possible Loss | 4,746.34 | 40,652.61 | 10,563.28 | |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **(3,044.27)** | **16,353.88** | **(12,696.47)** | |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - | |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **(3,044.27)** | **16,353.88** | **(12,696.47)** | |
| 3.12 | Provision For Staff Bonus | - | 850.17 | - | |
| 3.13 | Provision For Tax | - | 3,355.42 | | |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **(3,044.27)** | **12,148.29** | **(12,696.47)** | |
| 4 | **Ratios** | | | | |
| 4.1 | Capital Fund to RWA | 9.29% | 10.99% | 9.63% | |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 8.63% | 6.65% | 9.30% | |
| 4.3 | Total Loan Loss Provision to total NPL | 48.65% | 60.86% | 45.00% | |
| 4.4 | Cost of Funds | 8.69% | 9.89% | 10.88% | |
| 4.5 | Credit to Deposit & Borrowing Ratio | 106.96% | 106.29% | 102.68% | |
| 4.6 | Base Rate | 14.35% | 14.97% | 16.12% | |
| 4.7 | Interest Rate Spread | 6.28% | 4.95% | 3.70% | |

नोट : उल्लेखित अपरिष्कृत वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्धारा अनुपालना गरिएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंक द्धारा 'घ'वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तयार पारिएको छ। यस वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षक बाट कुनै फेरबदल गर्ने सुझाब बमोजिम परिवर्तन हुन सक्नेछ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

### आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः–** यस वित्तीय संस्थाको आ. व. २०८१/०८२ को प्रथम त्रैमासको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट (www.jucbank.com.np)मा पनि राखिएको छ।

**ख.प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| -७.१६ | -२१७.८८ | १५२.५६ | १,३९८.७१ | ८.९४ |

**२.ब्यवस्थापकीय विश्लेषणः**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उदेश्यले एस.एम.एस बैडिङ्क सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा र खल्ती वालेट मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ। राष्ट्रिय स्तरको लघुवित्त का लागी नेपाल राष्ट्र बैंक संग सम्मन्वय गर्ने योजना रहेको छ। समग्र लघुवित्त क्षेत्रमा परेको प्रभावलाई कम गर्न संस्थाको तर्फबाट वित्तीय साक्षरता कार्यक्रम निरन्तर रुपमा गर्दै आईरहेकोमा आगामि दिनमा पनि ग्राहकको घरदैलोमा कार्यक्रम संचालन गदै जाने योजना रहेको छ। निक्षेप बृद्धिका लागी आकषक निक्षेप योजना लागु गरिने छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजान रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शिता लाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरु लाई ग्राहकमुखि बनाउदै लगिनेछ।

**(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदी भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**
लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलताको अभावको कारण लागत बढ्ने आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक निति नियम, कार्यविधिहरुको तर्जुमा गरि अगाडी बढ्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**
(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।
(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

**४.संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धीत निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।
(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १,७०० | १,४०७ | १,५६० | ५७ | ५,८०५ | ३७१,५४३ |

**५.समस्या तथा चुनौतिहरु :**
(क) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास
(ख) जनशक्तिमा हुन सक्ने परिवर्तन
(ग) निष्कृय कर्जामा बृद्धि भई ब्याज आम्दानीमा संकुचन
(घ) लघुवित्त संस्थाहरुको विरुद्ध अराजक गतिविधिहरुले कर्जा असूलीमा समस्या
(ङ) समुह दायित्व बहनमा आएको समस्या
(च) अर्थतन्त्रको संकुचन, ग्राहकहरुको व्यावसाय र आम्दानीमा परेको प्रभाव

**६.संस्थागत सुशासन :**
संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ। संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सो को पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी कडाईका साथ पालना गर्ने गराउने गरिएको छ। संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ। यसका साथै बाह्य लेखा परीक्षक, आन्तरीक लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन ब्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापेक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न ब्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संथागत सुसासन लगाएतका निर्देशन पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक एन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालन गर्दै आएको छ। साथै संस्थाको विद्यमान निति, नियम, विनियम, निर्देशिका तथा कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोबारहरु संचालन हुदै आईरहेको छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# अतिक्रमण भएका सबै सरकारी जग्गाहरू फिर्ता ल्याउँछौं : मन्त्री अधिकारी

**कृष्ण पोखरेल**
*पाल्पा*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमि तथा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानको लागि विभिन्न रचनात्मक काम सुरु गरेको बताएका छन् । नेपाल पत्रकार महासंघ पाल्पाले तानसेमा गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री अधिकारीले भुमिका निकै जटिलता भएकोले, भूमि बैंकको प्रभावकारी रुपमा सञ्चालन नभएको, भूमि, जग्गाहरुमा व्यक्तिहरु बढी हस्तक्षेप रहेको, सार्वजनिक भूमिहरुको अतिक्रमण जस्ता समस्याहरु समाधानको लागि मन्त्रालय गम्भीर भएर लागेको मन्त्री अधिकारीले बताए । भूमि बैंकलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, व्यक्ति, तथा संस्थाबाट अतिक्रमण भएका सबै सरकारी जग्गाहरु फिर्ता ल्याउने, मालपोत र नापी कार्यालयका सेवाहरुलाई डिजिटलाईज गर्दै नागरिक सेवालाई सजिलो बनाउने, मन्त्रालयबिच बाँझिएका कानुनी समस्या समाधानको लागि मन्त्रालयले काम गरिरहेको भूमि मन्त्री अधिकारीले बताए ।

देशव्यापी रुपमा सहकारी क्षेत्रमा देखिएको समस्या समाधानको लागि सहकारी ऐन संशोधन गर्नेदेखि सहकारी नियमन निकायको गठन तथा सहकारी न्याधिकरणको गठनको प्रक्रियामा सरकारले आवश्यक कामहरु गरिरहेको सहकारी मन्त्री अधिकारीले बताए । अहिले मुख्य समस्याग्रस्त देखिएका २२ वटा सहकारीहरुमध्ये ३ वटा सहकारीको समस्या समाधान भइसकेको, अन्य १० वटाको यो वर्ष समाधान गर्ने गरी मन्त्रालयले काम गरिरहेको मन्त्री अधिकारीले जानकारी दिए । सहकारीको बैंक तथा नगदमा रहेको रकम बचतकर्तालाई फिर्ता, सहकारी सम्पत्ती बिक्री गरेर बचतकर्तालाई फिर्ता गर्ने, सहकारीको सम्पत्ती बचतकर्ताले नै खरिद गर्ने जस्ता खुकुला नीतिहरु समेत मन्त्रालयले बनाएको मन्त्री अधिकारीले बताए ।

विभिन्न समूह तथा राजनीतिक दलहरुप्रति लक्षित गर्दै मन्त्री अधिकारीले गलत प्रवृत्तिलाई ढाकछोप गर्न नारा जुलुश गर्ने, सडक तताउने प्रवृत्तिले समाजमा अराजकता निम्ताउने खतरा बढेको बताए । सरकारले विधि पद्धतिअनुसार जो सुकैलाई छानविनको दायरामा ल्याउन सक्ने संवैधानिक अधिकार भएको मन्त्री अधिकारीले जनाए । आफू सरकारमा छंदा पूर्व गृहमन्त्री रवी लामिछानेले छानविनको लागि आफू प्रक्रिन पनि तयार रहेको भन्ने, तर अहिले सरकारले छानविन गर्दा प्रतिषोद गऱ्यो भन्नु कुनै तुक नभएको बताउँदै मन्त्री अधिकारीले सरकारले सबैलाई कानुनअनुसार व्यवहार गर्दै आएको बताए ।

मन्त्री अधिकारीले गरिबी निवारणका क्षेत्रमा अहिले १४ वटा मन्त्रालयमार्फत् भएका कार्यक्रमहरुको उपलब्धि एकीकृत गर्ने काम भइरहेको बताए । गरिब परिचयपत्र वितरण गरिबकेन्द्रित नभएको आफूले महशुस गरेको मन्त्री अधिकारीले बताए ।

# ग्रेस ईन्टरनेसनलद्वारा अपाङ्ग आश्रमलाई कपडा र खाद्यान्न सहयोग




बुटवल । ग्रेस ईन्टरनेसनल एजुकेसन माइग्रेसनको १८औं वार्षिकोत्सवको अवसरमा न्यानो कपडा एवं खाद्यान्न सामग्री वितरण गरेको छ । बुटवल देवीनगरमा रहेको नेपाल अपाङ्ग आश्रममा न्यानो कपडा एवं खाद्यान्न सामग्री वितरण गरिएको हो ।

बुधबार एक कार्यक्रमको आयोजना गर्दै ग्रेस बुटवलका निर्देशक ईश्वर भट्टराईको नेतृत्वको टोलीले आश्रममा पुगेर जाडोको लागि न्यानो कपडा तथा खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो ।

कार्यक्रममा बोल्दै निर्देशक भट्टराईले ग्रेसले आफ्नो वार्षिकोत्सवको अवसरमा एउटा सामाजिक उत्तरदायित्वको कामको साथमा मनाउने योजना अनुसार यो कार्यक्रम आयोजना गरिएको जानकारी दिए । उनले ८० हजार बराबरको सामग्री हस्तान्तरण गरिएको जानकारी गराउँदै १५ सेट बिस्तारा, केही बोरा चामल, तेल, चाउचाउलगायतका सामग्रीहरू वितरण गरिएको बताए ।

आश्रमका अध्यक्ष डोलबहादुर रामदानले अनाथसँगै अपाङ्ग आश्रम भए पनि सरकारी क्षेत्रबाट कुनै सहयोग नपाएको बताउँदै विभिन्न सामाजिक संघ संस्थाको सहयोगबाट आश्रम चलिरहेको बताए । उनले हाल आश्रममा ३८ जना आश्रित रहेको बताउँदै उनले २१ जना पुरुष र १७ जना महिला रहेको जानकारी दिए ।

कार्यक्रममा काउन्सिलर प्रविना खनाल, क्यानडा संयोजक प्रशान्त न्यौपाने, अप्रेसन हेड सविता सापकोटा, काउन्सिलर रञ्जन पराजुली, काउन्सीलर बाबुराम पराजुली, राना ट्राभलका सञ्चालक जीवन रानालगायतले बोलेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# न्यू होराइजनमा अन्तर्राष्ट्रिय खेल विजेता भलिबल खेलाडीलाई सम्मान



बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलअन्तर्गतको न्यू होराइजन स्पोर्टस् क्लबले नेपालको मौलिक र परम्परागत कला, संस्कृति संरक्षण तथा युवा सशक्तिकरणका लागि देउसी भैलो कार्यक्रम र अन्तर्राष्ट्रियखेल विजेता भलिबल खेलाडीलाई सम्मान गरेको छ ।

न्यू होराइजनका शिक्षक र कर्मचारी आबद्ध क्लबले निकट भविष्यमा आयोजना गर्न लागेको क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता तथा खेलाडीहरुलाई अध्ययन अवलोकन भ्रमणका लागि रकम जुटाउने उद्देश्यले तिहार पर्वको अवसरमा देउसी भैलो खेलेको हो । पश्चिमा छाडा संस्कृतिको प्रभावले नेपाली मौलिक संस्कृतिमाथि भइरहेको अतिक्रमण रोकेर आफ्नो संस्कृति जोगाउने उद्देश्यले मौलिक देउसी भैलोमार्फत् खेलकुद र खेलाडीको विकास तथा प्रवर्द्धनका लागि रकम संकलन गरिएको क्लबका उपाध्यक्ष एवं देउसी भैलो कार्यक्रम संयोजक बालकृष्ण बस्यालले बताए ।

देउसी भैलोसँगै क्लबले अन्तर्राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगितामा तेस्रो स्थान हासिल गरेको नेपाली राष्ट्रिय टोलीमा समावेश न्यू होराइजन माविका तीनजना खेलाडीलाई सम्मान गरेको छ । सेन्ट्रल एशियन भलिबल एशोसिएसन काभा को आयोजनामा अक्टोबरको पहिलो साता श्रीलंकामा सम्पन्न प्रतियोगितामा खेलेका न्यू होराइजनका विद्यार्थीहरु सूर्य विक, सागर रसौली र लेशमन राहाडीमगर सहभागी थिए । १२ खेलाडीमा ३ जना न्यू होराइजनका थिए । उनीहरुलाई न्यू होराइजन माविमा मंगलबार सम्मान गरिएको हो ।

विद्यालयमा आयोजित कार्यक्रममा विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजू, उपाध्यक्ष निर्मल लाकौल, कोषाध्यक्ष रामेश्वर श्रेष्ठ,विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय, उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल र राजीव श्रेष्ठ, न्यू होराइजन स्पोर्टस् क्लबका अध्यक्ष चेतन ठकुरी, उपाध्यक्ष बालकृष्ण बस्याल, खेलकुद तथा अनुशासन काउन्सीलर मिलन रानालगायतले खेलाडीहरुलाई सम्मानपत्र र मायाको चिनोसहित सम्मान गरेका हुन् । विद्यालय र क्लबले यसअघि खेल खेल्न जानुअघि पनि खेल सामग्रीसहित खेलाडीलाई सम्मान गरेको थियो ।

खेलाडीलाई सम्मान गर्दै न्यू होराइजन माविका प्राचार्य लोकनाथ उपाध्यायले गुणस्तरीय शिक्षामा करिब चार दशकदेखि कटिबद्ध देशकै अग्रणी संस्था भएकाले संस्थाले खेलकुद र नेपाली मौलिक कला संस्कृति संरक्षण र विकासमा सक्दो योगदान गरेको बताए । सोही अनुसार न्यू होराजनका विद्यार्थीहरुले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तर प्रतियोगिताहरु जित्दै आएको बताए ।

सो अवसरमा शिक्षक त्रिभुवन बरईले आफ्नो पीएचडीको शोधपत्र पुस्तक न्यू होराइजनको पुस्तकालयलाई प्रदान गरेकोमा बरईलाई सम्मान गरिएको थियो । बरईलाई सम्मान गर्दै उपप्राचार्य बालकृष्ण भण्डारीले न्यू होराइजनको पुस्तकालयमा ७ हजार पुस्तक रहेको जानकारी गराउँदै त्यसबाट लाभ लिन आग्रह गरेका थिए ।

## बुद्धभूमि नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**
**बुङ्की, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मिति २०८१/०७/२९**

यस कार्यालयबाट मिति २०८१/०६/०८ मा विद्युतिय माध्यमबाट बोलपत्र आव्हानको लागि राष्ट्रिय दैनिक-दैनिक लुम्बिनी पत्रमा प्रकाशन गरी म्याद भित्र सिस्टममा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोललपत्रदाताहरुले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकिंत सारभुत रुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठे.नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु अ.कर र PS समेत) रु. |
|---|---|---|---|---|
| १ | 8/BM/RD/ 2081/82 | Imiliya Ma Vi Hudai Maitahawa Sadak Nirman Buddhabhumi -09 | P.R.Multipurpose Construction & Suppliers, Buddhabhumi-03, Tanku ,Kapilbastu, Nepal | 17,82,198.57 |
| २ | 9/BM/RD/ 2081/82 | Badalpura Gaun Dekhi Purba Tol Jane Adhuro Sadak And Badalpura Purvtole Main Bato PCC Dhalan Tatha Nali Nirman | P.R.Multipurpose Construction & Suppliers, Buddhabhumi-03, Tanku ,Kapilbastu, Nepal | 16,72,833.24 |
| ३ | 10/BM/RD/ 2081/82 | Rangai gaunko dakshin tol jane sadak,taaku transformer dekhi asaram tharuko ghar hudai jholunge pul sadak and Dubiya tal tol jane adhuro sadak | Kriyashil Nirman Sewa, Shitganga-9, Pakuri Arghakhanchi, Lumbini Province, Nepal. | 18,28,517.25 |

## देवदह नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## देवदह नगरपालिकाको नगरप्रमुखसंग उद्यमी रोजगार कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०७/२९

देवदह नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम र देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को अधिनमा रही इच्छुक बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा रितपूर्वकको प्रस्ताव आवश्यक कागजात सहित शिलबन्दी गरी पेश गर्न बैंक तथा वित्तीय संस्था सिफारिस समितिको मिति २०८१/०७/२७ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**तपिशल :**

क. प्रस्ताव पेश गर्ने बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाहरुको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।
१. बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको कार्यक्षेत्र देवदह नगरपालिका समेत हुनु पर्नेछ ।
२. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक, वित्तीय संस्था एवं प्रचलित कानून बमोजिम स्थापित सहकारी संस्था हुनु पर्नेछ ।
३. नगरप्रमुख संग उद्यमी रोजगार कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले कार्यक्रम संचालनका लागि उक्त संस्थाको प्रधान कार्यालयबाट पाएको अनुमति पत्र पेश गर्नु पर्नेछ ।
ख. प्रस्ताव पेश भएका बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको छनौटका आधारहरु मापदण्डमा तोके बमोजिम हुनेछन ।
ग. देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को अनुसुची १ बमोजिम तोकिएका ऋण लगानीका क्षेत्रहरुमा मात्र लगानी गर्नु पर्नेछ ।
घ. प्रस्ताव पेश गर्दा देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को परिच्छेद २ दफा ५ को बुँदा नं २ मा उल्लेख भए बमोजिम सम्बन्धीत बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाले नगरपालिकाले जम्मा गरे बमोजिमको रकमको शत प्रतिशत रकम (५० लाख) यस कार्यक्रमको सम्बन्धीत कोष/खातामा जम्मा गर्ने सुनिश्चतताको लागि प्रतिवद्धता पत्र प्रस्ताव संगै पेश गर्नु पर्नेछ।
ङ. प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरु
१.संस्था दर्ताको प्रमाण पत्र
२.करचुक्ता प्रमाण पत्र
३. प्रतिवद्धतापत्र
४.प्रस्तावना पत्र
५.संस्थाको तर्फबाट कार्यक्रम संचालनका लागि दिएको अनुमति पत्र।
६.बैंक तथा वित्तीय संस्था तथा सहकारी संस्था कालोसूचीमा नपरेको स्वघोषणा पत्र।
च. यस कार्यक्रम संचालनका लागि कार्यान्वयनमा रहेको देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० मा भएका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ।
छ. प्रस्ताव पेश गर्नका लागि आवश्यक पर्ने देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि-२०८०, प्रस्तावना पत्र,प्रस्तावना छनौटका आधार एवं मापदण्ड, प्रतिवद्धता पत्रको ढाँचा यस कार्यालयको वेभसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः- २०८१/०८/१३ गते कार्यालय समयभित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सम्म)।

*द्रष्टव्यः अन्य आवश्यक जानकारीका लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।*

**शाखा अधिकृत**

हार्दिक समवेदना



जन्मः
२०३८/११/०३
मृत्यूः
२०८१/०७/१७
स्व. टिकाराम न्यौपाने
रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. ७ देवापार निवासी आदरणीय दाई टिकाराम न्यौपानेको यहि मिति २०८१ कार्तिक १५ गते ४३ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामी अत्यन्तै मर्माहित भएका छौं । अत् शोकको यस दु:खद घडिमा अमर आत्माको चिरशान्ति एवम् बैकुण्ठ बासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकको यस घडिमा शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।
कृष्ण पोखरेल (ज्वाई) डाईभरटोल
सुरेश पन्त (ज्वाई) जानकीनगर
दीपक न्यौपाने (भाई)
एवम् सम्पूर्ण न्यौपाने परिवार
सैनामैना-७, देवापार

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com